गण्डकी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भ्म्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७९।१२।०५ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको (आ.व. २०७९।८० को १३ औं तथा निरन्तरताको १०० औं) बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको बैठक कक्षमा वस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | [signature] |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | [signature] |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | [signature] |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | [signature] |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | [signature] |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | [signature] |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | [signature] |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | [signature] |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | [signature] |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | [signature] |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री लक्ष्मी वागदस | कार्यपालिका सदस्य | |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

आमन्त्रित सदस्य

१) लेखा अधिकृत श्री बुद्धि प्रसाद उपेती – [signature]

२/

३/ योजना प्रमुख श्री गोपी कोइराला – [signature]

गण्डकी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भ्म्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

गण्डकी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु**

१) पूर्व निर्णय समीक्षा सम्बन्धमा ।
२) अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
३) भू–वर्गिकरण सम्बन्धमा ।
४) आवधिक विकास योजना सम्बन्धमा ।
५) क्षमता विकास सम्बन्धमा ।
६) प्रशासनिक भवनको लागि प्राप्त जग्गा सम्बन्धमा ।
७) नव प्रर्वतन साझेदारी कार्यक्रम सम्बन्धमा ।
८) विविध

**निर्णयहरु**

**निर्णय नं. १**
चालु आर्थिक वर्ष २०७९।८० को फाल्गुण ५ गते सम्पन्न कार्यपालिकाको बैठकवाट भए गरेका निर्णयहरु र निर्णय कार्यान्वयनको अवस्थाका सम्बन्धमा आजको यस बैठकमा समीक्षा भयो । सो सम्बन्धमा उक्त मितिमा भएका सवै निर्णयहरु कार्यान्वयन तथा कार्यान्वयन चरणमा रहेको जानकारी भयो ।

**निर्णय नं. २**
अनुगमन समिति मार्फत चालु आ.व. २०७९।८० को लागि स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत सञ्चालन भई निर्माणाधिन अवस्थामा रहेका तथा सम्पन्न भएका योजनाहरुको फाल्गुण महिनामा अनुगमन गरी समितिका संयोजक मार्फत पेश हुन आएको अनुगमन प्रतिवेदन आजको यस बैठकमा प्रस्तुत भई सो उपर छलफल भयो । सो सम्बन्धमा अनुगमन कार्यलाई थप प्रभावकारी वनाई योजना तथा कार्यक्रम गुणस्तरीय रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने र प्राविधिक कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन समितिको प्रतिवेदनको आधारमा तत्काल उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई तपसिल बमोजिम योजनाहरुमा दिइएको भुक्तानी रकम खर्च अनुमोदन गर्ने, साथै रायमाझी नवकान्तिपुर जेभीवाट उत्खनन गरिएको नदीजन्य पदार्थ ढुंगा, गिटी, गेग्रयान जस्ता नदीजन्य पदार्थ तथा गत वर्षको विशेष अनुदान अन्तर्गत गण्डकी गाउँपालिका सिमान्तकृत (प्रजा, भुजेल, वराम माझी) र दलित समुदायको गरिवी न्युनिकरण तथा क्षमता विकास कार्यक्रम सम्बन्धी कार्यक्रम सम्बन्धमा अनुगमन गरी तयार गरिएको प्रतिवेदन आजको यस बैठकमा पेश भई जानकारी भयो । सो सम्बन्धमा प्रतिवेदनमा औल्याइए बमोजिम कार्यान्वयनका लागि तत्काल प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) वडा नं. २ प्रहरी चौकी भगवती मन्दिर निर्माण रु. | ११९२४९।०३ |
| २) वडा नं. २ सिम्ले खानेपानी रु. | २६८३०५।९६ |
| ३) वडा नं. २ पातीश्वाँरा होमस्टे गोल घर निर्माण रु. | १४९८०६।०० |
| ४) वडा नं. २ महादेव कृषि सहकारी मर्मत तथा शौचालय निर्माण रु. | १४४५३१।११ |
| ५) वडा नं.२ साँधीखोला कियापुत्रि घर निर्माण रु. | १४६३२०।३३ |
| ६) वडा नं. २ भन्ज्याँग देखि गहुवारीसम्म सडक स्तरोन्नती रु. | २९७२४९।१६ |
| ७) वडा नं. २ गोर्दि खेलकुद मैदान स्तरोन्नती रु. | १२१५९१।३२ |
| ८) वडा नं. ३ सिम्ले थापागाउँ ठुलोपाटा सिढि वाटो निर्माण रु. | २६२३५८।३४ |
| ९) वडा नं. ३ अकला देवी कम्पाउण्ड निर्माण रु. | २९९८४७।०९ |
| १०) वडा नं.६ श्री तोलक शक्ति सयपत्रि युवाक्लव भवन निर्माण रु. | ३४९५३७।४४ |
| ११) वडा नं. ६ सुनौलो युवा क्लब भवन निर्माण रु. | ४०००००।०० |
| १२) वडा नं. ६ विजौरे सिढि निर्माण अधुरो रु. | १९२९४१।०५ |
| १३) वडा न. ६ पालेवन खानेपानी रु. | १७७२५२।१६ |

गण्डकी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

१४) वडा नं.६ पल्लोटार गढै देविस्थान हुदै कोरा सडक ढलान नाली र ग्याविन रु.
१५) वडा नं. ७ आँपचौरखानेपानी ट्याकी धारा निर्माण रु. ४९९९६४१।८४
१६) वडा नं. ७ वाटो सरसफाई वाटो भरी रु. २९९९८२।२६
१७) वडा नं. ७ जलविरे खोला ज्यामिरेघाट र कौदी खोला मोटरवाटो स्तरोन्नती रु. ४७०८७५।३५
१८) वडा नं. ८ चित्रा देवी मन्दिर निर्माण रु. ३५७१६७७।९९
१९) वडा नं. ७ इटार छतिवनगैरा गोरेटो वाटो रु. १९९८५५।८०
२०) वडा नं. ६ वनटार सिढि निर्माण रु. ६०१५२।२३
२१) वडा नं. ६ इच्छाकामना सामुदायिक भवन निर्माण रु. ३४८४१४।२२
२२) वडा नं ३ पुण्यगाउँ साउनेपानी हटिया सिढिवाटो निर्माण रु. २९२३१६।२३
२३) वडा नं. ३ आमडाँडा आँगे चौतारा बाटो स्तरोन्नती रु. ४५४८५१।१२
२४) वडा नं २ कुवापानी डाँडा टोल खानेपानी रु ६९६९५३।९१
२५) वडा नं. ८ आयुर्वेद सिन्दुरे सडक मर्मत रु ५००००।००
२९८६३५।०९

**निर्णय नं. ३**

गण्डकी गाउँपालिकाको भू उपयोग वर्गिकरण सम्बन्धमा जग्गाको हालको उपयोगिता, भौगोलिक अवस्थिति, भौतिक पूर्वाधारको विकास र संभावना समेतलाई दृष्टिगत गर्दै कुन वडा क्षेत्र अन्तर्गतका जग्गाहरुलाई भू–उपयोगिताको आधारमा के कसरी वर्गीकरण गरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा आजको यस बैठकमा विषय वस्तु पेश भई छलफल भयो । सो सम्बन्धमा गाउँपालिका भित्रका सबै वडाहरु अन्तर्गतका जग्गाहरुको निश्चित मापदण्ड एवं वर्गिकरणका आधार सहित (आवासीय, कृषि तथा व्यवसायीक लगायत) भू–उपयोगिताको वर्गिकरण गरी बुद्धिजीवी नागरिक समाजका प्रतिनिधिहरु समेतको राय सुझाव लिई वडा कार्य समितिको निर्णय एवं सिफारिस सहित सबै वडाहरुवाट गाउँपालिकामा १० दिन भित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८।९।२८ (७९ औ) बैठकवाट स्वीकृत भई हाल कार्यान्वयन चरणमा रहेको प्रथम पन्च वर्षिय आवधिक योजना (२०७८।७९–२०८२।०८३) उपर आजको यस बैठकमा समिक्षात्मक छलफल भयो । सो सम्बन्धमा केन्द्र तथा प्रदेश सरकारले लिएको विकास लक्ष्य समेतलाई थप सहयोग पुग्ने गरी आवधिक योजनामा समेत समयानुकुल विषयवस्तुहरु थपघट गर्दै परिमार्जन गर्नु पर्ने भएकोले सो समेतलाई दृष्टिगत गरी संशोधन सहित दस्तावेज तयार गरी छलफलका लागि आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आगामी आ.व. देखि प्रत्येक कार्यपालिकाहरुले आफ्नो कार्यक्षेत्र भित्र अनिवार्य रुपमा क्षमता विकास सम्बन्धी कार्यहरु कार्यान्वयन गर्नु पर्ने सम्बन्धी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पं.स. २०७९।८० च.नं. ३५५ मिति २०७९।१२।०१ को पत्रको व्यहोरा आजको यस बैठकमा पेश भई जानकारी भयो । उक्त सम्बन्धमा गाउँपालिकावाट गत विगत वर्षहरु देखि कार्यान्वयन हुदै आएको यस क्षमता विकास सम्बन्धी कार्यलाई थप प्रभावकारी रुपमा अगाडी वढाउदै लैजाने गरी आगामी आ.व. मा समेत निरन्तरता दिई अघि वढाउने र चालु आ.व. २०७९।८० मा कार्यन्वयन गर्ने गरी गण्डकी प्रदेश प्रशिक्षण प्रष्तिष्ठानसँग भएको संझौता बमोजिमको क्षमता विकास योजनाको कार्यान्वयनका लागि थप समन्वय गरी अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस समितिको मिति २०७९।१०।०५ को (९७ औ.) बैठकवाट भएको निर्णयानुसार गाउँपालिकाको विभिन्न विकास निर्माण कार्य लगायत प्रशासनिक भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा निशुल्क रुपमा उपलव्ध गराउन चाहाने जग्गादाताहरुलाई सार्वजनिक सूचना जारी गरी निवेदन आव्हान गरिएकोमा निर्धारित समय भित्र तपसिलका व्यक्तिहरुले निम्न कार्य प्रयोजनका लागि आफ्नो नाममा भोग चलन कायम रहेको जग्गाहरु नि:शुल्क रुपमा उपलव्ध गराउने भनि कित्ता नं र क्षेत्रफल सहित किटान गरी राजीखुशीका साथ निवेदन पेश हुन आएको व्यहोरा आजको यस बैठकमा जानकारी भयो । उक्त सम्बन्धमा नि:शुल्क रुपमा आफ्नो जग्गा सामाजिक कार्य प्रयोजनका लागि उपलव्ध

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

गराउन चाहाने महानुभावहरुलाई आजको यस बैठकवाट हार्दिक धन्यवाद ज्ञापन गर्दै उक्त जग्गाहरु ततः ततः प्रयोजनमा उपयोग गर्न र प्रशासनिक भवन निर्माणका लागि कित्ता, क्षेत्रफल सहित किटानी गरी प्राप्त हुन आएको गण्डकी गाउँपालिका वडा नं ६ (साविक भुम्लीचोक गा.वि.स. वडा नं २ ) वनटारको जग्गालाई प्रशासनिक भवन निर्माण गर्ने गरी गाउँपालिकाको नाममा भोग चलन कायम गराउने सम्बन्धमा आवश्यक प्रकिया अगाडी वढाउने र यस अघि गाउँपालिकाको नाममा भोग चलन कायम भई आएको गण्डकी गाउँपालिका वडा नं ६ भुम्लीचोक ओखलडाँडामा रहेको जग्गाको वारेमा आवश्यक छलफल अघि वढाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | नि:शुल्क जग्गा उपलब्ध गराउने जग्गादाताको | | | उपलब्ध गराउन चाहेको जग्गाको विवरण | | | प्रयोजन |
|---|---|---|---|---|---|---|---|
| | नाम/थर | वुवाको । पतिको नाम | वाजेको नाम | साविक वडा नं. र जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | |
| १ | होम वहादुर चेपाङ्ग | जगत प्रजा | | साविक भुम्लीचोक गाविस वडा नं.२ वनटार हाल गण्डकी गा.पा.वडा नं ६ | ९९८ | १-८-०-० | प्रशासनिक भवन निर्माण |
| २ | जुन वहादुर गुरुङ्ग | तिलक वहादुर गुरुङ्ग | | साविक भुम्लीचोक गाविस वडा नं.२ वनटार हाल गण्डकी गा.पा.वडा नं ६ | २७१<br>२६०<br>२६२ | ५-०-०-०<br>१-०-०-०<br>०-८-०-० | प्रशासनिक भवन निर्माण |
| ३ | मनकौरी थापा मगर | केर्न वहादुर थापा मगर | | साविक भुम्लीचोक गाविस वडा न ५ हाल गण्डकी गा.पा.वडा नं ६ | १०८ | १-०-०-० | शहिद पार्क निर्माण |

**निर्णय नं. ७**

गत आ.व. २०७८।७९ मा संझौता भई चालु आ.व. २०७९।८० मा प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पोखरा मार्फत कार्यान्वयन चरणमा रहेको संघीय सरकारको नवप्रवर्तन साझेदारी कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा मिति २०७९।१२।०१ मा गण्डकी प्रदेश मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरावाट अनुगमन भई आवश्यक निर्देशन प्राप्त भएको व्यहोरा आजको यस बैठकमा जानकारी भयो । कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा संझौता हुदाँ स्वीकृत भएका केही कार्यक्रमहरु थपघट गरी कार्यान्वयन गर्न आवश्यक देखिएकोले कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्ने गरी यस समितिवाट गाउँपालिका अध्यक्षज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

गण्डकी गाउँपालिका क्षेत्र भित्र तथा सीमा क्षेत्र भएर वहने नदी खोला घाट क्षेत्रवाट ढुंगा, गिटी, वालुवाजस्ता नदीजन्य पदार्थ उत्खनन, संकलन तथा विकी वितरणका लागि गत विगतमा गाउँपालिकावाट आय ठेक्का स्वीकृत भई महामारी लगायत विभिन्न कारणवाट विकी वितरण हुन नसकी ठेकेदार /निर्माण व्यवसायी मार्फत घाटगद्धी गरी राखेका नदीजन्य पदार्थहरुको १० दिन भित्र व्यवसायीहरु मार्फत अनिवार्य रुपमा वडा तथा गाउँपालिका निवेदन पेश गर्न लगाई प्राविधिकवाट परिमाण एकिन गरी प्रमाणिकरण गराई चालु आर्थिक वर्ष (२०८०।३।३०) सम्मका लागि गाउँपालिकावाट प्रमाणित रसिद मात्र प्रयोग गर्ने गरी नविकरण जरिवाना वापत नियमानुसार शुल्क लिई नविकरण गर्ने र विकी वितरण गर्न दिने साथै गत विगतमा घाटगद्धी गरिएको ढुंगा, गिटी, वालुवा चालु आ.व. भित्र विकि निकासी गरी सक्ने र यसरी चालु आ.व. भित्र विकि निकासी हुन नसकेमा गाउँपालिकावाट जफत गरी आवश्यक प्रकिया अगाडी वढाउने निर्णय गरियो ।

गिजेश उपरकोटी

**निर्णय नं. ९**

चालु आ.व. २०७९।८० को योजना तथा कार्यक्रमवाट प्राप्त कन्टिन्जेन्सी तर्फको वजेटवाट छपाई वापत पत्रपत्रिकाको खर्च भुक्तानी, प्रशासनिक खर्च तथा आवश्यकता अनुसार कार्यक्रमगत रुपमा समेत खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

सुरक्षित आवास योजना कार्यक्रमलाई थप प्रभावकारी रुपमा व्यवस्थित ढंगले अघि वढाउन सम्पर्क व्यक्तिको रुपमा रोजगार संयोजक श्री लक्ष्मण रेग्मीलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.११**

आर्थिक सहायता सम्बन्धी निवेदन संकलन लगायत कार्यलाई व्यवस्थित गरी अन्य विपन्न समुदाय तथा लक्षितवर्ग समुदायलाई सहज रुपमा आर्थिक सहायता उपलव्ध गराउने सम्बन्धमा स्वकीय सचिव श्री जिवन गुरुङ्गलाई सम्पर्क व्यक्तिको रुपमा तोकि सोही अनुरुप कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

इन्धन खर्च भुक्तानी गर्ने सम्बन्धमा विविध खाता अन्तर्गत रहेको एम्बुलेन्स सञ्चालन वापत प्राप्त भएको रकमवाट एम्बुलेन्स तथा कार्यालय सवारी साधनहरुमा आवश्यकता अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

गण्डकी गाउँपालिका भित्र अनुमति वेगर विभिन्न होटल रेष्टुरेण्ट रिसोर्ट तथा मोटरवोट सञ्चालन गरी आएका व्यक्तिहरु हालसम्म करको दायरामा नआएको पाइएकोले नियमानुसार अनुमति लिने तथा करको दायरामा ल्याउने सम्बन्धमा आवश्यक छलफलका लागि त्यस्ता व्यवसायीहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

गण्डकी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत